# ७३ औ कार्यपालिका बैठकको निर्णय

(मिति २०७[illegible] ५)

निर्णय नं. १ :- यस टीकापुर नगरपालिकाको आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम उपर छलफल गरियो साथै केही बुंदाहरुमा छुट भएका विषय समेटी नगर सभा समक्ष पेश गर्ने ।

निर्णय नं. २:-स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन कार्यविधि,२०७७ वमोजिम यस टीकापुर नगरपालिकाको संस्थागत क्षमता स्वमुल्यांकन, (LISA) मा आ.व. २०७६/०७७ मा प्राप्त नतिजाको सम्वन्धमा छलफल गरियो साथै उक्त कार्यविधिको दफा ४(ज) मा भएको व्यवस्था वमोजिम यस नगरपालिकाको आ.व. २०७६/०७७ मा प्राप्त तपसिल वमोजिमको नतिजा अनुमोदन गर्ने

तपसिल :

आ.व. ०७६/०७७ मा प्राप्त अंकभारको विवरण

| क्र. सं. | स्वमूल्यांकन विषयगत क्षेत्र | प्राप्त अंकभार प्रतिशत |
|---|---|---|
| १. | शासकीय प्रवन्ध | १०० |
| २. | संगठन तथा प्रशासन | ५० |
| ३. | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ५९.०९ |
| ४. | वित्तिय एवम् आर्थिक व्यवस्थापन | ४५.४५ |
| ५. | सेवा प्रवाह | ६७.१९ |
| ६. | न्यायिक कार्य सम्पादन | ७८.५७ |
| ७. | भौतिक पूर्वाधार निर्माण | ३४.६२ |
| ८. | सामाजिक समावेशीकरण | ३५ |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ५० |
| १० | सहकार्य र समन्वय | ३७.५ |
| जम्मा प्राप्तांक प्रतिशत | | ५५.५ |

प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. ३ :- खेलकुद विकासमा टेवा पुर्‌याउनका साथै खेलकुदको क्षेत्रमा टीकापुर नगरपालिकालाई पहिचान दिलाउन सफल तपसिलका व्यक्ति/संघसंस्थाहरुले आर्थिक सहयोगका लागि यस नगरपालिकामा निवेदन पेश गर्नुभएको सन्दर्भमा प्रोत्साहन स्वरुप चालु आ.व.०७७/०७८ मा **मेयरकप उपमेयर कप लगायतका अन्य खेलकुद कार्यक्रम** शिर्षकमा विनियोजित बजेटवाट तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने ।

| क्र.सं. | व्यक्ति/संघसंस्थाको नाम ठेगाना | सम्वन्धित क्षेत्र | उपलब्ध गराउने रकम | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | विनोद थापा, टी.न.पा वडा नं.१, ब्लक नं. २३ | किकिङ्ग (१ घण्टामा सवै भन्दा बढी पटक किक हान्ने व्यक्तिका नाममा गिनिज वुकमा रेकर्ड कायमका लागि) | २५,०००। | |
| २ | नेपाल सितारियो कराँते डो संघ, टीकापुर शाखा | कराते सामाग्री व्यवस्थापन | २५,०००। | |

निर्णय नं. ४ :- यस टीकापुर नगरपालिकाको स्थापना काल २०५४ र आ. व. ०६७/०६८ मा गरी २ पटक कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नु भएका धनगढी उपमहानगरपालिकाका स्थायी वासिन्दाका रुपमा रहनु भएका निरन्जन कुमार रिमालको यही मिति २०७८ असार ३ गते हुन गएको असामयिक निधन प्रति समवेदना व्यक्त गर्ने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत